प्रदेश सरकार
लुम्बिनी प्रदेश

# प्रदेश योजना आयोग

मकामः बुटवल

(प्रथम पटक प्रकाशित मिति २०७९/०४/०४ गते)

## सुचिकृत हुने सम्बन्धी सूचना

यस आयोगको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कुनै एब वा एक भन्दा बढि विषयमा बस्तु वा सेवा उपलब्ध गराउन ईच्छुक योग्यता पुगेका व्यक्ति,फर्म संस्था वा कम्पनी बाट देहायका कागजात सहित सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६ (क) तथा सार्वजनिक नियमावली,२०६४ संशोधन सहितको) नियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ। तोकिएको योग्यता पुगेका ईच्छुक फर्म, कम्पनी, संघ/संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी,परामर्श दाता बाट आफूले सुचिकृत हुन चाहेको विषय खुलाई कार्यालय समयभित्र रीतपूर्वकको निवेदन आयोगको सचिवालयको ठेगाना वा ईमेल मार्फत खाम बन्दी गरी पठाउन यो सुचना प्रकाशित गरिएको छ ।

देहायः

क) आयोगबाट संचालन हुने कार्यक्रम तथा प्रगती समीक्षाको विभिन्न माध्यम बाट प्रकाशन, प्रशारण तथा प्रचार-प्रसार।

ख) प्रदेश सरकारको प्रगति विवरण समेटिएको पुस्तक, प्रतिवेदन, भिडियो-डकुमेन्ट्री तयारी।

ग) डिजाइन तथा छपाई सम्बन्धी कार्यहरु।

घ) कम्प्यूटर, प्रिन्टर, क्यामेरा तथा अन्य विद्युतीय सामाग्रीको आपूर्ति तथा जडान तथा मर्मत।

ङ) कार्यालयको लागि आवश्यक फर्निचर र फिक्चर आपूर्ति तथा जडान तथा मर्मत।

च) स्टेशनरी तथा कार्यालय संचालन सम्बन्धी अन्य मसलन्द सामाग्री/ वस्तुको आपूर्ति।

छ) निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्यहरु।

ज) परामर्श सेवा (अध्ययन /अनुसन्धान) सम्बन्धी कार्यहरु।

१. आवेदन पत्रसाथ निम्नानुसारको कागजातहरुको प्रतिलिपीहरु एक/ एक प्रति पेश गर्नु पर्ने छ ।

क) सूचिकृत हुन चाहेको विषय क्षेत्र प्रष्ट खुल्ने आधिकारिक ढाँचाको प्रतिवेदन।

ख) आफ्नो फर्म संस्था वा कम्पनी दर्ता तथा नविकरण प्रमाण पत्रको प्रतिलिपी।

ग) मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी।

घ) गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।

ङ) फर्म, संस्था वा कम्पनीको भौतिक सम्पत्तिको विवरण।

छ) कालो सूचिमा नपरेको व्यहोराको आवेदकको स्वः घोषणा पत्र।

नि. प्रशासकीय प्रमुख

२. उल्लेखित कागजातको आधारमा सूचिकृत भएका कुनै फर्म,संघ/संस्था, परामर्शदाता वा कम्पनी तथा कुनै सार्वजनिक निकाय ( सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकेको योग्यता पुरा नगरी) यस आयावगको खरिद सम्बन्धी कारवाहीमा सहभागी हुन पाउने छैन। मौजुदा सूचिमा सुचिकृत भएका फर्म, संघ/ संस्था वा कम्पनी मध्ये कार्यालयले आफ्नो आवश्यकता अनुसार संक्षिप्त सूची तयार गरी खरीद कार्यमा सहभागी गराउन सक्नेछ।

३. दर्ता प्रक्रिया कारण देखाई वा नदेखाई कुनै पनि समय रद्द गर्न सकिनेछ।

४. यस सूचनामा नपरेका अन्य विषयका हकमा सार्वजनिक खरिद ऐन, कानून बमोजिमको सम्पूर्ण अधिकार यस आयोगको सचिवालयमा निहित रहने छ।

नि. प्रशासकीय प्रमुख


प्रदेश सरकार
लुम्बिनी प्रदेश
प्रदेश योजना आयोग
मुकामःबुटवल
फोन नंः०७१-५४०१६८
ईमेलःinfoppc.p5@gmail.com